आज मिति २०८२।०४।०८ गते बिहीबारका दिन बिहानको ८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को प्रथम बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ध्रुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | |
| ४ | प्रेम बहादुर थापामगर | वडा अध्यक्ष | |
| ५ | सीताराम पुलामी मगर | वडा अध्यक्ष | |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सलस्य | |
| ११ | मिना राई | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | |
| १५ | शेर सिंह रावत | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

## मिति २०८२।०४।०८ गतेको कार्यपालिकाको बैठकमा छलफलका विषयहरु :

| क्रम संख्या | विषय | कैफियत |
|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा । | |
| २ | आन्तरिक आय ठेक्का सम्बन्धमा । | |
| ३ | विविध<br>क) नवप्रवर्तन कार्यक्रममा लागत साझेदारी सम्बन्धमा ।<br>ख) छहरे कवर्डहलको लागि विनियोजित बजेट सम्बन्धमा ।<br>ग) "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा ।<br>घ) वर्षातको समयमा नदी किनाराबाट बालुवा सकलन सम्बन्धमा । | |

निर्णयहरु :

| निर्णय नं. | निर्णयको व्यहोरा |
|---|---|
| १ | लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०३।३२ गते बसेको आ.व. २०८१/०८२ को १३ औं बैठकको निर्णय कार्यान्वयनको समीक्षा भयो । |
| २ | लिखु गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि नदीजन्य पदार्थहरुको संकलन तथा विक्री कर एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर संकलनको लागि न्युनतम अंक रु २,२२,१२,३११।४० (मुअकर बाहेक) कायम गरी मिति २०८२।०२।२५ मा बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोमा निर्धारित समयभित्र दाखिला हुन आएका बोलपत्रहरु (क. शैलेन्द्र एण्ड सन्स कन्सटक्सन, काठमाण्डु र ख. क्षेत्रपाल निरन्जना जे.भी, चौघडा ८ नुवाकोट) को मूल्यांकन हुँदा क्षेत्रपाल/निरन्जना जे.भी., चौघडा ८ नुवाकोटले मु.अ. कर सहित रु २,५५,६१,३७७।४४ (रु दुइ करोड पचपन्न लाख एकसठी हजार तीनसय सतहत्तर र पैसा चौवालिस मात्र) कबोल गरी पेश गरेको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ मिति २०८२।०४।०१ मा आसयको सूचना प्रकाशित गरिएकोमा तोकिएको अवधिभित्र कुनैपनि दावी विरोध दर्ता हुन नआएकोले उक्त बोलपत्र स्वीकृत गर्ने साथै बोलपत्र दातालाई रु २,५५,६१,३७७।४४ (मुअकर सहित) को सम्झौताका लागि रु १,५३,३६,०००।०० बराबरको २०८३ सालको साउन मसान्त सम्म म्याद भएको नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत र रु १,०२,२५,३७७।४४ लिखु गाउँपालिकाको खातामा जम्मा भएको बैंक भौचर सहित ७ दिनको म्याद दिई संझौताको लागि पत्राचार गर्ने निर्णय गरियो । |
| ३ | क) लिखु गाउँपालिकाले नवप्रवर्तन कार्यक्रम अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको स्वच्छ र स्वस्थ लिखु गाउँपालिकाका लागि फाहोरमैला व्यवस्थापन कार्यक्रममा यस गाउँपालिकाबाट ३० प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो ।<br>ख) छहरे कवर्डहल निर्माण, लिखु गापा ६ छहरे नुवाकोट लाई संघीय बजेटबाट रु ३ करोड विनियोजन भएकोमा उक्त रकम यस गाउँपालिकामा वित्तीय हस्तान्तरण गरिदिन युवा तथा खेलकुद मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । |

| | |
|---|---|
| | ग) *लिखु गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७४* बमोजिम श्री सान्वी कन्सट्रक्सन लिखु ३ नुवाकोट (सन्चालक : निरोज राई) लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत प्रदान गर्ने ।<br>घ) वर्षात्को समयमा यस गाउँपालिका अन्तर्गत लिखु र तादी खोलामा बगेर आउने बालुवा मानिसले खोला किनाराबाट साबेल प्रयोग गरी उपयोग गर्न पाउने व्यवस्थाको लागि आवश्यक सहजीकरण गरिदिन जिल्ला समन्वय समिति, नुवाकोटलाई अनुरोध गर्ने निर्णय गरियो । |